स्वस्थ,स्वच्छ,स्वतन्त्र र स्वाभिमान,सम्वृद्ध समाज निर्माणको लागि हाम्रो संचार अभियान

# जनतापत्र

Janatapatra weekly

साप्ताहिक

जि.प्रशा.का.सि.पा.द.नं. ७१-०७०।७१ जि.हु.का.सि.पा.द.नं. २५-०७०।७१ सूचना विभाग द.नं. ३९७५-०७९।८० प्रेश काउन्सिल सु.द.नं. ८४५-०७४।७५

वर्ष -१३ , अंक-१० | २०८२ असोज १३ , सोमवार | sep - 29 , 2025 | मुल्य रु.- १० । | janatapatra.com

## अरनिको राजमार्गको कोदारी खण्ड सञ्चालन, कन्टेनर आवतजावत सुरु

जनतापत्र, भोटेकोशी



चीनसँगको प्रमुख व्यापारिक नाका तातोपानी जोड्ने अरनिको राजमार्गको कोदारी खण्ड सोमबार दिउँसोदेखि फेरि सञ्चालनमा आएको छ। साउन १७ गतेदेखि पहिरो खसेर अवरुद्ध भएको यो खण्ड पाँच स्थानमा मलबा हटाएपछि पुनः सुचारु गरिएको हो।

ऊर्जा, जलस्रोत तथा सिँचाइ मन्त्री समेत रहेका भौतिक पूर्वाधार तथा यातायात मन्त्री कुलमान घिसिङ, मन्त्रालयका सचिव केशवकुमार शर्मा, सडक विभागका महानिर्देशक विजय जैसीलगायतको टोलीले स्थलगत निरीक्षण गरी सडकको अवस्थाबारे जानकारी लिएको छ।

अनुगमनका क्रममा भोटेकोशी गाउँपालिका-२ को इर्कु क्षेत्रमा पहिरोले परेको असरबारे स्थानीय बासिन्दासँग छलफल गरी जोखिम न्यूनीकरण र दीर्घकालीन प्राविधिक समाधानका उपायबारे सुझाव संकलन गरिएको थियो।

चाडपर्वको बेला व्यापारिक बाटो बन्द हुँदा स्थानीयले पहिरो हटाउने काममा अवरोध गरेपछि मन्त्री घिसिङले गत बुधबार भोटेकोशी-२ का वडाध्यक्ष र स्थानीय अगुवाहरूसँग छलफल गर्दै बाटो खोल्न सहजीकरण गर्न आग्रह गरेका थिए।

सडक डिभिजन दोलखाका प्रमुख नारायणदत्त भण्डारीका अनुसार सडक सञ्चालनमा आएसँगै दसैंका लागि चीनबाट सामान बोकेर आएका कन्टेनरहरू सहज रूपमा आवतजावत गर्न थालेका छन्। उनले प्राविधिक जनशक्ति र मेसिन परिचालन गरेर तीव्र गतिमा काम सम्पन्न गरिएको बताए।



**प्रकाशक**
**टिका सुवेदी**
**सम्पादक**
**दिनेश सापकोटा**
**कम्प्युटर : जनतापत्र डेक्स**
**मुद्रण : सेवा अफसेट प्रेस**
**सम्पर्क : ९८४१९८९०८७**
**इमेलः** weeklyjanatapatra70@gmail.com
**ठेगाना : चौतारा, सिन्धुपाल्चोक**

## सम्पादकिय

## जेन–जीको विद्रोह : रूपान्तरणको चेतावनी

दशैं आउनासाथ देशभरका राजमार्ग र सार्वजनिक यातायात साधन यात्रुहरूले खचाखच हुन्छन्। अनुमानअनुसार यस वर्ष मात्र करिब २० लाख यात्रुहरू आफ्ना गाउँ फर्किनेछन्। यो संख्याले यातायात व्यवस्थापनमा राज्यलाई गम्भीर चुनौती दिने स्पष्ट देखिन्छ। हाम्रो यातायात प्रणाली पुरानै संरचनामा आधारित छ। गाडीको संख्या सीमित, सडक संकुचित र चाप बढी भएकाले यात्रुहरूलाई असुविधा, ढिला–ढाल र कहिलेकाहीँ दुर्घटना पनि भोग्नुपर्छ। दशैंजस्ता चाडपर्वमा त यो समस्या झन् चर्किन्छ। यात्रुहरूले महँगो भाडा, असुरक्षित यात्रा र टिकट पाउनुपर्ने कठिनाइ सामना गर्नुपर्छ।

सरकारले प्रत्येक वर्ष चाडपर्वमा विशेष व्यवस्थापन गर्ने घोषणा गर्छ तर त्यसको प्रभावशीलता यात्रुले महसुस गर्न पाएका छैनन्।

अनुगमन र नियन्त्रण कमजोर हुँदा यात्रुहरू ठगिनु सामान्य कुरा बनेको छ। प्रहरी प्रशासन, यातायात व्यवस्था विभाग र स्थानीय निकायबीच समन्वयको कमीले समस्या समाधान हुन सकेको छैन। यस वर्ष सरकार र सम्बन्धित निकायले यात्रुको हितलाई प्राथमिकता दिनैपर्छ। टिकट व्यवस्थापन पारदर्शी बनाउन, अनुगमन कडा पार्न, आवश्यक परे अतिरिक्त बस सञ्चालन गर्न र सुरक्षा व्यवस्था बलियो बनाउन आवश्यक छ। यातायात व्यावसायीले पनि मुनाफाभन्दा बढी यात्रुको सुविधा र सुरक्षालाई ध्यान दिन जरुरी छ।

## विचारपत्र

# प्रविधिको आलोकमा जेन–जी आन्दोलन

शुभशंकर कंडेल

समकालीन राजनीतिक जीवनको मूल चुनौती भनेको निश्चित तरिकाले मतदान गर्नका लागि निश्चित प्रकारको काम गर्ने मानिसलाई कसरी प्रेरित गर्ने भन्ने नै हो । यसबारेमा असल नेताहरूले मानिसलाई उज्ज्वल भावनाहरू- आशा, आकांक्षा, सुन्दर जीवनबारेका प्रेरणादायी दृष्टिकोणमार्फत प्रेरित गर्छन् । तर अचेल र सम्भवतः सधैं, राजनीतिक स्पेक्ट्रमभरका नेताहरूले अन्धकार पूर्ण आक्रोशित भावनालाई उत्तेजित गर्न धेरै सजिलो बाटो समात्दै आएको वैश्विक आयाम देख्न सकिन्छ ।

यसलाई मनोवैज्ञानिकहरूले नकारात्मकतापूर्ण पूर्वाग्रह भन्छन् । यही उपक्रममा सन् २०११ मा विश्व पुँजीवादको नाभी न्युयोर्कबाट सुरु भएको अकुपाइ आन्दोलन वैश्विक लहरसँगै र्‍याडिकल रूपमा विकेन्द्रित ‘नेतृत्वहीन’ सामाजिक आन्दोलनबारे राजनीतिक चासो आकर्षित गरेको थियो ।

सन् २०११ को विरोधलाई डिजिटल युगका लागि पूर्ण रूपमा नयाँ प्रकारको राजनीतिक अभियानसमेत भनियो । यसलाई कम प्रतिनिधित्व भएका मानिसलाई ‘आवाज दिने’ माध्यमका रूपमा वा ‘हाइब्रिड आन्दोलन’ देखि अझै अघि बढेर ‘पूर्ण सेवाकेन्द्रित आन्दोलन’ सम्मका नामले पुकारिएको छ । क्रान्तिकारी सम्भावना अझै अपूर्ण रहेको ‘ल्यास आन्दोलन’ का रूपमा धेरै विद्वान्ले विश्वभरका अकुपाइ आन्दोलनको संश्लेषण गर्ने उद्यम जारी राखेका छन् ।

सन् २०११ पछिका वर्षमा अकुपाइ आन्दोलनहरूको राजनीतिक वा ऐतिहासिक महत्वका बारेमा निरन्तर बहस भएको छ । नेतृत्वविहीन आन्दोलनसँग संगठित रूपमा प्रभावकारी ढंगले सञ्चालन गर्ने संरचनात्मक गुणहरूको अभाव स्वाभाविक छ । अकुपाइ शैलीका आन्दोलनले कथित नेतृत्वहीनता र सहभागी लोकतन्त्रको निर्णय प्रक्रियाको कारणले महत्त्व प्राप्त गरेको तथ्यलाई बेवास्ता गर्न नसकिने वास्तविकता बन्दै छ ।

बारम्बार आह्वानहरूका बाबजुद, सामाजिक आन्दोलनहरूभित्र नेतृत्वको समस्याग्रस्त आयाम नसुल्झिएको नयाँ क्षेत्र बढ्दो रूपमा प्रकट हुने क्रममा नेपालमा जेन-जी विस्फोट उद्घाटित भएको छ । यो आन्दोलनमा कोही पनि नेता थिएन, सबै नेता थिए । सन् २००० को दशकको सुरुमा इन्टरनेट फोरमहरूमा प्रयोग हुने एउटा साझा ‘ट्रोल’ समूहबाट विकसित हुँदै सन् २००८ पछि एउटा संगठित ‘ह्याक्टिभिस्ट’ (ह्याकिङ र एक्टिभिजम) समूहका रूपमा देखिन थालेको थियो ।

यो समूहले ज्ञानका लागि ज्ञान, अभिव्यक्ति स्वतन्त्रता र सूचनाको खुला प्रवाहजस्ता लोकप्रिय बनेका मानवीय आवश्यकताका अनिवार्य जीवनशैलीलाई पछ्याउँछ । ‘ह्याक्टिभिजम’ लाई वेबसाइट डिफेसमेन्ट, सूचना चोरी, वेबसाइट प्यारोडी, डिनायल-अफ-सर्भिस आक्रमण, भर्चुअल सिट-इन र भर्चुअल तोडफोडजस्ता ‘गैरकानुनी वा कानुनी रूपमा अस्पष्ट डिजिटल उपकरण’ को राजनीतिक उद्देश्यका लागि अहिंसात्मक प्रयोगका रूपमा परिभाषित गरिएको छ (बार युसेफ एन, साइबर क्राइम, २०१०) ।

अहिले एक्स, टेलिग्राम, डिस्कर्ड, टिकटक र रेडिटजस्ता प्लाटफर्महरू मुख्य रूपले विश्वव्यापी र भूराजनीति स्वार्थ साध्ने अस्त्रका रूपमा प्रयोग भइरहेका छन् । यस्ता प्लाटफर्महरूले मोडरेसन र सरकारी निगरानीको जोखिमलाई बढाउँदै जाँदा वैयक्तिक स्वतन्त्रतासमेत अकल्पनीय रूपले जोखिममा पर्दछ ।

नेपालको पछिल्लो घटनाले झन्डै यही त्रासलाई व्यावहारिक रूप दिनै लाग्दा राष्ट्रपति रामचन्द्र पौडेलको शब्दमा ‘अनेक जुक्ति’ जोगिन पुगेको छ ।

सामाजिक सञ्जालले जेन-जी आन्दोलनका लागि स्नायु प्रणालीका रूपमा काम गर्ने शैलीलाई विशेषगरी डिस्कर्ड, एक्स र रेडिटजस्ता प्लाटफर्महरूले ह्यासट्यागहरू (जस्तैः अपयुक्रेन, फ्रि-प्लोस्टाइन र नेपालमा एगेन्स्ट करप्सन) मार्फत आफ्नो अभियानमा ऊर्जा भरेका थिए । गुमनाम प्रयोगकर्ताहरूले मेनिफेस्टो-एजेन्डा पोस्ट गर्नेदेखि लक्षित व्यक्तिहरूको डेटा चोर्न (डक्सिङ) स्वयंसेवकलाई आकर्षित गरेका थिए ।

प्लाटफर्महरूले विरोध प्रदर्शनलाई ‘भाइरल मेनिफेस्टो’ (विरोधका लागि घोषणापत्र) भनेको छोटो, प्रभावकारी भिडियो वा थ्रेडहरूमार्फत भ्रष्टाचारका प्रमाणहरूको चर्को अपिलद्वारा युवाहरूलाई सडकमा उतार्न उत्प्रेरित गर्न सफल भएका छन् । सामाजिक सञ्जालमा क्रस-पोस्टिङ भाइरल बनाएर त्यस्ता अभियानलाई उत्तेजित बनाउनु त सामान्य नै भइहाल्यो ।

नेपालमा कथित भ्रष्टाचारविरोधी भनिएको अभियानमा यही शैली अपनाइएको थियो । सन् २०२४ देखियता विश्वव्यापी ‘ह्याक्टिभिस्ट’ हरूले टिकटकको एल्गोरिदमिक ‘ल्यासमब’ को प्रयोगद्वारा जेन-जीलाई विरोध प्रदर्शनका लागि सहभागी गराउँदै अनलाइन समन्वयलाई अफलाइन विस्फोटसँग मिश्रण गर्न सफल भएको देखिन्छ । काठमाडौंमा विद्यार्थीहरूले ‘भ्रष्टाचारको अन्त्य गर’ भन्दै ह्यासट्याग करप्सन फ्री नेपाल वा जेन-जी रिभोलुसनलगायतका रिल बनाएका थिए ।

यिनले सरकारी भ्रष्टाचारका मीमहरू, एनिमेसनहरू र प्रत्यक्ष सडक प्रदर्शनका आक्रोशित दृश्यलाई थप आकर्षक तरिकाले फैलाइएका थिए ।

त्यसको प्रतीकात्मक आगोको कहिल्यै समन नहुने भिल्को जसरी ‘नेपोकिड्स’ बारेको एक रिलले २४ घण्टामा १८.५ मिलियन भ्युज पाएबाट हजारौंलाई सडकमा उतार्न प्रेरित गर्नु स्वाभाविक थियो ।

एक जेन-जी कार्यकर्ताले ‘ह्यासट्याग ओलीडाउन’ थ्रेडमा सरकारी भ्रष्टाचारका १० वटा प्रमाण पोस्ट गर्दा ५० हजारभन्दा बढी रि-ट्वीट देखिनुले यसको ढक्लोसरी प्रभाव अनुमान गर्न सकिन्छ । थ्रेडहरूले लिंकहरू साझा गर्दै टिकटक भिडियोहरूमा डाइरेक्ट गरेर क्रस-प्लाटफर्म प्रवर्धन गरिरहे । प्लाटफर्महरूले विरोधलाई ‘भाइरल’ बनाउँदा उनीहरूको एल्गोरिदमले भावनात्मक रूपले आक्रोशपूर्ण चर्को सामग्रीलाई प्राथमिकता दिन्छ, जसले दैनिक १० लाखभन्दा बढी भ्युज उत्पन्न गरेको थियो (दि हिन्दु, १३ सेप्टेम्बर) ।

सामाजिक सञ्जालले ‘बर्नर’ प्रोफाइलहरूलाई इन्क्रिप्टेड लिंकहरू साझा गर्ने सुविधा दिएर थप सहज बनाइदिएका छन् । अज्ञात उत्तेजित समूहहरूले ‘हामी लिजन हौं’ भन्ने कुरालाई मात्र चर्को गरी उठाउँछन् । यस्ता अभियानमा कुनै एकल अनुहारले समूहलाई प्रतिनिधित्व नगर्ने हुँदा गिरफ्तारीको जोखिम पनि कम हुन्छ ।

यसले जेन-जी पुस्ताको निर्भयताको आक्रोशलाई अरू बढी उद्वेलित गर्दछ । हालैका एक्स पोस्टहरूले ‘अफटिकटक’ (टिकटकको गुमनाम पहुँचका लागि) वा सिग्नलजस्ता सुरक्षित सन्देश उपकरण सिफारिस गर्दै आएका छन् । प्रदर्शनकारीहरूले सरकारी भवन, निजी निवासमाथि आक्रमण गरिरहँदा लाइभ-ट्वीटिङ वा डिस्कर्ड स्ट्रिमहरूले अपडेट गरेर ‘डीडीओएसको वृद्धिलाई–एलओआईसी फोर्कमार्फत ‘सहभागी होऊ’ भन्ने आह्वान गरिरहेका थिए ।

२०२५ जुनमा इजरायल-इरान तनावका बीच ह्याक्टिभिस्ट गतिविधि ४६ प्रतिशतले बढेको थियो । एनोनिमस-सुडानजस्ता प्रो-प्यालेस्टिनियन समूहहरूले मेनिफेस्टोका लागि एक्स र इजरायली साइटहरूमा डीडीओएस समन्वयका लागि डिस्कर्ड प्रयोग गरेका थिए । ‘जोम्बी बट्नेटहरू’ (ह्याक गरिएका उपकरणहरू) सामाजिक सञ्जाल अपिलमार्फत भर्ती गरिएको थियो ।

सन् २०२४ मा इरानसम्बद्ध ह्याक्टिभिस्टहरूले अमेरिकी रक्षा डेटा टेलिग्राममा चुहाइदिएपछि विश्वव्यापी आक्रोश व्यक्त गर्न एक्समा क्रसपोस्ट गर्ने शैली अपनाएका थिए । ह्याकफर गाजाजस्ता ह्यासट्यागहरूले ५ लाखभन्दा बढीको संलग्नता र स्वयंसेवक आकर्षित गरेको देखिन्छ । अमेरिकामा सिग्डसेक (एलजीबीटीक्युप्लस एनोनिमस) जस्ता समूहले सन् २०२४ मा ट्रम्पनिकट हेरिटेज फाउन्डेसनलाई विच्छेद गरिदिएका थिए । उनीहरूले चोरेका डेटा एक्स र टिकटक भिडियोमार्फत बाहिर ल्याइएको थियो ।

विश्वव्यापी रूपमा सन् २०२४ मा नोनेम-०५७ (१६) जस्ता केही समूहले नेटो सहयोगीलाई लक्षित गरेका थिए भने ‘आइज क्यानन’ डीडीओएस आमन्त्रणका लागि सामाजिक सञ्जालबाट एलओआईसीको प्रयोग गरेका थिए । नेपालको २०२५ जेन-जी आन्दोलनमा भ्रष्टाचारविरोधी कार्यकर्ताले ज्याक डर्सीको ब्लुस्काई (विकेन्द्रीकृत,

बाकी पेज नं ८ मा

# भोटेकोशी नदीमा डेलिभरी भ्यान खसेर चालक बेपत्ता

जनतापत्र, भोटेकोशी

अरनिको राजमार्गअन्तर्गत सुकुटेबाट खाडिचौरतर्फ जाँदै गरेको मारुती मिनी डेलिभरी भ्यान शुक्रबार बिहान भोटेकोशी नदीमा खसेर चालक बेपत्ता भएका छन्।

प्रहरीका अनुसार बेपत्ता भ्यानमा सिर्फ चालक मात्र रहेको बताइएको छ। बेपत्ता भएको भ्यान, बा १२ च ६५९४ नम्बरको, सिन्धु दुध डेरीको दुध संकलनका लागि प्रयोगमा थियो। यस दुर्घटना स्थल चौतारा साँगाचोकगढी नगरपालिका-१० सुकुटे नजिक रहेको छ।

प्रहरी चौकी बलेफी र स्थानीय बासिन्दाहरूले भ्यान खोजी कार्य तीव्र पारेर गरिरहेका छन्। जिल्ला प्रहरी कार्यालय सिन्धुपाल्चोकले पनि खोजीमा आवश्यक समन्वय भइरहेको जानकारी दिएको छ। स्थानीयवासी र प्रहरीको प्रयास जारी रहे पनि अहिलेसम्म चालकको सुरक्षीत अवस्था वा भ्यानको ठ्याक्कै स्थान पत्ता लागेको छैन। प्रहरीले दुर्घटनाका कारणहरू पत्ता लगाउन घटनास्थलको जाँच तथा सुरुङ/नदी क्षेत्रमा खोजी कार्य तीव्र बनाएको छ।










# चौतारा-५ मा विकासको गति: स्थानीयको विश्वास जित्दै वडा सरकार



प्रमिला वि.क, चौतारा

सिन्धुपाल्चोक जिल्लाको चौतारा साँगाचोकगढी नगरपालिका-५ पछिल्ला वर्षहरूमा स्थानीय विकास, सामाजिक सेवा र भौतिक पूर्वाधार विस्तारका क्षेत्रमा सक्रिय देखिएको छ। वडाध्यक्ष शिव श्रेष्ठको नेतृत्वमा विभिन्न काम सम्पन्न भइसकेका छन् भने आगामी वर्षका लागि दीर्घकालीन योजनासमेत अघि बढाइएको छ।

वडाभित्र सडक स्तरोन्नति, बत्ती जडान, ढल व्यवस्थापन र फुटपाथ निर्माणलाई प्राथमिकतामा राखिएको छ। प्रमुख बजार क्षेत्रमा व्यापारिक क्रियाकलाप सहज बनाउन सडक विस्तारसँगै नाली, रङ्गीन बत्ती र बसपार्क विस्तार कार्य सम्पन्न गरिएको छ। धार्मिक स्थलहरूको संरक्षण, खेलमैदान निर्माण, हरियाली प्रवर्द्धन र पार्क विकासजस्ता कामले वडाको स्वरूप नै बदलिएको छ।

शिक्षा क्षेत्रमा पनि वडाले विशेष ध्यान दिएको छ। विद्यालयहरूको गुणस्तर वृद्धि, विद्यार्थीका लागि छात्रवृत्ति, शिक्षक तालिम र डिजिटल सामग्री वितरणजस्ता काम भएका छन्। वडाभित्र प्राविधिक शिक्षालय सञ्चालनमा आएको छ जसले युवाहरूलाई रोजगारीमुखी दक्षता हासिल गर्न सहयोग पुगेको छ। तर गुणस्तरीय शिक्षक अभाव र विद्यार्थीको पलायन अझै चुनौती बनेको अध्यक्ष श्रेष्ठ बताउँछन्।

स्वास्थ्य क्षेत्रमा स्थानीयलाई सहज सुविधा उपलब्ध गराउन खोप कार्यक्रम, स्वास्थ्य शिविर, नागरिक सहायता कक्ष र व्यायाम पार्क जस्ता कार्यक्रम सञ्चालन गरिएको छ। वृद्धवृद्धा, अपांगता भएका व्यक्ति र सुत्केरी महिलाका लागि विशेष सुविधा प्रदान गरिएको छ। यसले सामाजिक क्षेत्रमा देखिने चापलाई न्यून गर्न सहयोग पुगेको स्थानीयवासी बताउँछन्।

वडाभित्र बढ्दो जनसंख्या र बजारको विस्तारसँगै फोहोर व्यवस्थापन चुनौतीका रुपमा देखिएको छ। यसलाई समाधान गर्न घरघरमा डस्टबिन वितरण, वर्गीकरण प्रणाली र नगरपालिकासँग सहकार्यमा पुनः प्रयोग अभियान अघि बढाइएको छ। अध्यक्ष श्रेष्ठका अनुसार, "आगामी वर्ष फोहोर व्यवस्थापन र वातावरण संरक्षण हाम्रो प्रमुख एजेन्डा हुनेछ।"

स्थानीयवासीहरूले वडा सरकारको कामप्रति सन्तोष व्यक्त गरेका छन्। सडक, खानेपानी, स्वास्थ्य सुविधा र सामाजिक सुरक्षाका कार्यक्रमका कारण वडाबासीले आफूलाई नजिकको सरकारबाट लाभ पाएको महसुस गरेका छन्। "हामीलाई समयमै सेवा, सहज पहुँच र ध्यान दिइएको छ, यसले वडा सरकारप्रति विश्वास बढाएको छ," स्थानीयवासी बताउँछन्।

अध्यक्ष श्रेष्ठले वडालाई अझै व्यवस्थित र समृद्ध बनाउन पर्यटन प्रवर्द्धन, युवा उद्यमशीलता, कृषि आधुनिकीकरण र स्मार्ट प्रविधि उपयोगलाई प्राथमिकतामा राख्ने बताएका छन्। उनका अनुसार, "वडाबासीले अब आफ्नै घरआँगनमै परिवर्तनको अनुभूति गर्ने वातावरण बनेको छ।"




दशैंको
शुभकामना
Happy Dashain
२०८२ सालको विजया दशमी, शुभ दिपावली, नेपाल सम्वत् ११४६ एवं छठ पर्वको पावन अवसरमा देशविदेशमा रहनुहुने सम्पूर्ण बुबाआमा, दाजुभाई, दिदिबहिनीहरुमा सुख, शान्ति, समृद्धि, सु-स्वास्थ्य तथा उत्तरोत्तर प्रगतिको हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं ।
सुनिता देउजा( सचिवालय सदस्य)
नेकपा एमाले
जिल्ला कमिटी, सिन्धुपाल्चोक


दशैंको
शुभकामना
Happy Dashain
२०८२ सालको विजया दशमी, शुभ दिपावली, नेपाल सम्वत् ११४६ एवं छठ पर्वको पावन अवसरमा देशविदेशमा रहनुहुने सम्पूर्ण बुबाआमा, दाजुभाई, दिदिबहिनीहरुमा सुख, शान्ति, समृद्धि, सु-स्वास्थ्य तथा उत्तरोत्तर प्रगतिको हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं ।
गंगा अर्याल (सचिवालय सदस्य)
नेकपा एमाले,
जिल्ला कमिटी सिन्धुपाल्चोक


बडा
दशैंको
शुभकामना
Happy Dashain
२०८२ सालको विजया दशमी, शुभ दिपावली, नेपाल सम्वत् ११४६ एवं छठ पर्वको पावन अवसरमा देशविदेशमा रहनुहुने सम्पूर्ण बुबाआमा, दाजुभाई, दिदिबहिनीहरुमा सुख, शान्ति, समृद्धि, सु-स्वास्थ्य तथा उत्तरोत्तर प्रगतिको हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं ।
दावा लामा
अध्यक्ष
Good Hands NEPAL
गुड ह्याण्डस् नेपाल


२०८२ सालको
बडादशैं, तिहार,
नेपाल संवत्-११४६,
छठ पर्वको उपलक्ष्यमा
यहाँहरुको सुख, शान्ति र
समृद्धिको उत्तरोत्तर प्रगतिको
हार्दिक मङ्गलमय
शुभकामना
व्यक्त गर्दछौं ।
द्वारिका प्याकुरेल
अध्यक्ष एवं, नेकपा (एमाले)
सिन्धुपाल्चोक-काठमाडौं सम्पर्क मञ्च परिवार

# मन्त्री घिसिङद्वारा मध्य भोटेकोशी जलविद्युत् आयोजनाको स्थलगत अवलोकन



जनतापत्र, भोटेकोशी

ऊर्जा, जलस्रोत तथा सिंचाइ मन्त्री तथा भौतिक पूर्वाधार तथा यातायात मन्त्री कुलमान घिसिङ सोमबार सिन्धुपाल्चोकस्थित मध्य भोटेकोशी जलविद्युत् आयोजनाको स्थलगत निरीक्षणमा पुगेका छन्।

१०२ मेगावाट क्षमताको यो आयोजना हाल व्यावसायिक उत्पादन अघि ७२ घण्टे परीक्षण चरणमा छ। सोमबार परीक्षणको दोस्रो दिन मन्त्री घिसिङले आयोजना पुगेका हुन्। आयोजनाका प्राविधिकहरूले उनलाई परीक्षण उत्पादन, प्राविधिक चुनौती र आगामी योजना बारे जानकारी दिएका थिए।

यो आयोजना चिलिमे जलविद्युत् कम्पनीमार्फत अघि बढाइएको हो। घिसिङ कम्पनीको प्रबन्धक सञ्चालक रहँदा नै विस्तृत अध्ययन, विद्युत् खरिद-बिक्री सम्झौता, वित्तीय व्यवस्थापन र ठेक्का सम्झौता सम्पन्न गरी परियोजना निर्माण चरणमा प्रवेश गरेको थियो।

# दसैंपछि मात्र उपत्यकामा मेलम्चीको पानी



जनतापत्र, भोटेकोशी

लामो प्रतीक्षा गरिएको मेलम्ची खानेपानी परियोजनाबाट काठमाडौं उपत्यकामा यस वर्ष पनि दसैंअघि पानी आउन नसक्ने भएको छ।

असोजको अन्तिम सातादेखि मात्र मेलम्चीको पानी आपूर्ति सुरु हुने मेलम्ची खानेपानी विकास समितिले जनाएको छ। समितिका कार्यकारी निर्देशक जगन्नाथ दासका अनुसार हाल मेलम्ची खोलामा वर्षाका कारण पानीको बहाव अत्यधिक छ, जसले आपूर्ति कार्य अवरुद्ध बनाएको छ।

"बहाव घटेपछि मात्र आपूर्ति सुरु हुन्छ," दासले स्पष्ट पारे। २०७८ असार र साउन महिनामा मेलम्ची र इन्द्रावती खोलामा आएको भीषण बाढीले आयोजनाको हेडवर्क्समा ठूलो क्षति पुर्‍याएपछि मेलम्चीको पानी वर्षभर आपूर्ति गर्न नसकिएको हो। त्यसयता मेलम्ची खोलाबाट भन्दा पनि रिबर्मा खोलाबाट मात्र दैनिक ६-७ करोड लिटर पानी काठमाडौँ ल्याइँदै आएको समितिको भनाइ छ। २०७८ चैत १५ गते पहिलोपटक मेलम्चीबाट पूर्ण क्षमतामा दैनिक १७ करोड लिटर पानी वितरण सुरु गरिएको थियो। तर बाढीपछिको क्षतिले नियमित आपूर्ति असम्भव बनेको हो।

काठमाडौं उपत्यकामा हाल दैनिक ४३ करोड लिटर पानीको माग रहेको छ। तर मेलम्ची बन्द हुँदा विभिन्न स्रोतबाट जम्मा १३-१४ करोड लिटर मात्र आपूर्ति भइरहेको काठमाडौँ उपत्यका खानेपानी लिमिटेड (केयूकेएल) का कार्यकारी निर्देशक अशोककुमार पौडेलले बताए।












दशैंको शुभकामना
Happy Dashain
२०८२ सालको विजया दशमी, शुभ दिपावली, नेपाल सम्वत् ११४६ एवं छठ पर्वको पावन अवसरमा देशविदेशमा रहनुहुने सम्पूर्ण बुबाआमा, दाजुभाई, दिदिबहिनीहरुमा सुख, शान्ति, समृद्धि, सु-स्वास्थ्य तथा उत्तरोत्तर प्रगतिको हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं ।
महेन्द्रसिंह थापा ( प्रोपाइटर)
सुकुटेवीच रिसोर्ट
चौतारा साँगाचोकगढी नगरपालिका ९




दशैंको शुभकामना
Happy Dashain
२०८२ सालको विजया दशमी, शुभ दिपावली, नेपाल सम्वत् ११४६ एवं छठ पर्वको पावन अवसरमा देशविदेशमा रहनुहुने सम्पूर्ण बुबाआमा, दाजुभाई, दिदिबहिनीहरुमा सुख, शान्ति, समृद्धि, सु-स्वास्थ्य तथा उत्तरोत्तर प्रगतिको हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं ।
भोटेकोशीवीच रिसोर्ट
चौतारा साँगाचोकगढी नगरपालिका १०




दशैंको शुभकामना
Happy Dashain
२०८२ सालको विजया दशमी, शुभ दिपावली, नेपाल सम्वत् ११४६ एवं छठ पर्वको पावन अवसरमा देशविदेशमा रहनुहुने सम्पूर्ण बुबाआमा, दाजुभाई, दिदिबहिनीहरुमा सुख, शान्ति, समृद्धि, सु-स्वास्थ्य तथा उत्तरोत्तर प्रगतिको हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं ।
रामचन्द्र खड्का ( प्रोपाइटर)
सुकुटे रिभर भ्यू नेपाली भान्साघर
चौतारा साँगाचोकगढी नगरपालिका १०




दशैंको शुभकामना
Happy Dashain
२०८२ सालको विजया दशमी, शुभ दिपावली, नेपाल सम्वत् ११४६ एवं छठ पर्वको पावन अवसरमा देशविदेशमा रहनुहुने सम्पूर्ण बुबाआमा, दाजुभाई, दिदिबहिनीहरुमा सुख, शान्ति, समृद्धि, सु-स्वास्थ्य तथा उत्तरोत्तर प्रगतिको हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं ।
अन्जन खड्का ( संचालनक)
सुनकोशीवीच रिसोर्ट परिवार
चौतारा साँगाचोकगढी नगरपालिका १०




दशैंको शुभकामना
Happy Dashain
२०८२ सालको विजया दशमी, शुभ दिपावली, नेपाल सम्वत् ११४६ एवं छठ पर्वको पावन अवसरमा देशविदेशमा रहनुहुने सम्पूर्ण बुबाआमा, दाजुभाई, दिदिबहिनीहरुमा सुख, शान्ति, समृद्धि, सु-स्वास्थ्य तथा उत्तरोत्तर प्रगतिको हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं ।
शेरावीच रिसोर्ट परिवार
सुकुटे




दशैंको शुभकामना
Happy Dashain
२०८२ सालको विजया दशमी, शुभ दिपावली, नेपाल सम्वत् ११४६ एवं छठ पर्वको पावन अवसरमा देशविदेशमा रहनुहुने सम्पूर्ण बुबाआमा, दाजुभाई, दिदिबहिनीहरुमा सुख, शान्ति, समृद्धि, सु-स्वास्थ्य तथा उत्तरोत्तर प्रगतिको हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं ।
नरेन्द्र खड्का ( संचालनक)
सुकुटे रिभर साइड रिसोर्ट परिवार
चौतारा साँगाचोकगढी नगरपालिका १०




दशैंको शुभकामना
Happy Dashain
२०८२ सालको विजया दशमी, शुभ दिपावली, नेपाल सम्वत् ११४६ एवं छठ पर्वको पावन अवसरमा देशविदेशमा रहनुहुने सम्पूर्ण बुबाआमा, दाजुभाई, दिदिबहिनीहरुमा सुख, शान्ति, समृद्धि, सु-स्वास्थ्य तथा उत्तरोत्तर प्रगतिको हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं ।
ज्ञानवहादुर तामाङ ( प्रध्यानाध्यापक)
गोल्मादेवी मावि
चौतारा साँगाचोकगढी नगरपालिका ९




दशैंको शुभकामना
Happy Dashain
२०८२ सालको विजया दशमी, शुभ दिपावली, नेपाल सम्वत् ११४६ एवं छठ पर्वको पावन अवसरमा देशविदेशमा रहनुहुने सम्पूर्ण बुबाआमा, दाजुभाई, दिदिबहिनीहरुमा सुख, शान्ति, समृद्धि, सु-स्वास्थ्य तथा उत्तरोत्तर प्रगतिको हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं ।
सुदिप श्रेष्ठ( वडा अध्यक्ष )
चौतारा साँगाचोकगढी नपा २
सिन्धुपाल्चोक


दशैंको शुभकामना
Happy Dashain
२०८२ सालको विजया दशमी, शुभ दिपावली, नेपाल सम्वत् ११४६ एवं
छठ पर्वको पावन अवसरमा देशविदेशमा रहनुहुने सम्पूर्ण बुबाआमा, दाजुभाई,
दिदिबहिनीहरुमा सुख, शान्ति, समृद्धि, सु-स्वास्थ्य तथा उत्तरोत्तर प्रगतिको
हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं ।
दिपक नेपाल ( अध्यक्ष )
नेकपा एमाले, चौतारा साँगाचोकगढी
नगरकमिटी परिवार


दशैंको शुभकामना
Happy Dashain
२०८२ सालको विजया दशमी, शुभ दिपावली, नेपाल सम्वत् ११४६ एवं
छठ पर्वको पावन अवसरमा देशविदेशमा रहनुहुने सम्पूर्ण बुबाआमा, दाजुभाई,
दिदिबहिनीहरुमा सुख, शान्ति, समृद्धि, सु-स्वास्थ्य तथा उत्तरोत्तर प्रगतिको
हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं ।
डवले लामा ( अध्यक्ष )
नेकपा एमाले, इन्द्रावति गाँउ कमिटी परिवार


दशैंको शुभकामना
Happy Dashain
२०८२ सालको विजया दशमी, शुभ दिपावली, नेपाल सम्वत् ११४६ एवं
छठ पर्वको पावन अवसरमा देशविदेशमा रहनुहुने सम्पूर्ण बुबाआमा, दाजुभाई,
दिदिबहिनीहरुमा सुख, शान्ति, समृद्धि, सु-स्वास्थ्य तथा उत्तरोत्तर प्रगतिको
हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं ।
उपेन्द्र तामाङ (अध्यक्ष)
नेकपा एमाले,
मेलम्ची नगर कमिटी परिवार


दशैंको शुभकामना
Happy Dashain
२०८२ सालको विजया दशमी, शुभ दिपावली, नेपाल सम्वत् ११४६ एवं
छठ पर्वको पावन अवसरमा देशविदेशमा रहनुहुने सम्पूर्ण बुबाआमा, दाजुभाई,
दिदिबहिनीहरुमा सुख, शान्ति, समृद्धि, सु-स्वास्थ्य तथा उत्तरोत्तर प्रगतिको
हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं ।
शालिकराम अधिकारी (सचिव )
नेकपा एमाले,
मेलम्ची नगर कमिटी सिन्धुपाल्चोक


दशैंको शुभकामना
Happy Dashain
२०८२ सालको विजया दशमी, शुभ दिपावली, नेपाल सम्वत् ११४६ एवं
छठ पर्वको पावन अवसरमा देशविदेशमा रहनुहुने सम्पूर्ण बुबाआमा, दाजुभाई,
दिदिबहिनीहरुमा सुख, शान्ति, समृद्धि, सु-स्वास्थ्य तथा उत्तरोत्तर प्रगतिको
हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं ।
नारायण काजी श्रेष्ठ (अध्यक्ष)
नेकपा एमाले,
बलेफी गाउँपालिका कमिटी परिवार


दशैंको शुभकामना
Happy Dashain
२०८२ सालको विजया दशमी, शुभ दिपावली, नेपाल सम्वत् ११४६ एवं
छठ पर्वको पावन अवसरमा देशविदेशमा रहनुहुने सम्पूर्ण बुबाआमा, दाजुभाई,
दिदिबहिनीहरुमा सुख, शान्ति, समृद्धि, सु-स्वास्थ्य तथा उत्तरोत्तर प्रगतिको
हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं ।
सुन्तली लामा श्रेष्ठ( अध्यक्ष )
नेकपा एमाले,
भोटेकोसी गाँउकमिटी परिवार










# प्रविधिको आलोकमा...

गुमनाम-अनुकूल) प्रयोग गरी मेस नेटवर्कमार्फत अफलाइन समन्वय गरेका थिए ।

ह्यासट्याग ‘अपडेथइटरर्स’ (पेडोफाइल-हन्टिङ, एनोनिमससँग आबद्ध) जस्ता अधिनायकवादविरोधी अभियान डार्क वेब फोरमहरूमा एक्सबाट प्रवर्धित गरेर चलाइएको थियो । आन्दोलन समन्वय गर्नका लागि प्लाटफर्महरू टेलिग्राम/डिस्कर्ड च्यानलहरू, एक्स स्पेसहरू सञ्चालन योजनाका लागि गुमनाम समूह च्याटहरू एआईमार्फत एजेन्डा ड्राफ्टिङका लागि च्याटजीपीटीहरू प्रयोग भएको उनीहरूकै डिस्कर्ड च्यानलमा प्रयोग भएको शैलीबाट पुष्टि हुन्छ । ‘रिटेन्सन ह्याक्स’ (टिकटकजस्ता प्लाटफर्महरूको एल्गोरिदमलाई ‘गेम’ गर्ने प्रविधिहरू) ले भिडियोहरूको दर्शक कायम राख्ने समय बढाएर थप दर्शकसम्म पुर्‍याउँछ । टिकटकको एल्गोरिदमले भिडियोको ३ सेकेन्डभित्रै आकर्षक सुरुवात (हुक) र सम्पूर्ण अवधिसम्म हेर्ने (रिटेन्सन दर) ७० प्रतिशतभन्दा बढी छ भने यो ‘फर यू’ पेजमा पुगेर लाखौं दर्शक आकर्षित गर्दछ ।

यसमा हुक र टिजरहरू पनि विशेष हुन्छन् । भिडियोको सुरुमा प्रश्न वा आकर्षक लाग्ने तथ्य राख्ने, जस्तै ‘के तपाईंलाई थाहा छ ओलीले १० करोड कमिसन हान्दिए ?’ एउटा टिकटक भिडियोमा प्रयोग हुँदा यसले ९० प्रतिशत बढी रिटेन्सन दर पाएपछि २ लाख पटक सेयर भएको छ । एनोनिमसले ‘गीकहरूको हतियार’ को बढ्दो आकर्षण जहाँ एक विशेषाधिकार प्राप्त र दृश्य अभिनेताहरूको वर्गद्वारा प्रयोग गरिने राजनीतिको एक रूप बन्दैछ । यस्तो शैली प्रायः आर्थिक जीवनको केन्द्रमा खडा हुन्छन् । एनोनिमसले हरेक सफल कारबाही अघि र पछि प्रचार खोज्ने प्रवृत्ति देखाउँछ ।

कतिसम्म निकृष्टताको हद थियो भने ओलीको सचिवालयका बिचौलियाले मेटाको आधिकारिक एजेन्सी प्राप्त गर्न असफल भएपछि ओली र उनका सञ्चारमन्त्रीलाई अघि सारेर सबै सोसल साइट नै बन्द गराउने प्रपञ्च रचिएको थियो ।

ओलीको हुकुमी रवाफ र अपमानबाट वाक्कदिक्क भएका नोकरशाहीतन्त्रका मुख्य, मझौला र ओलीकै विश्वासपात्र बिचौलिया ठालुहरूले समेत नोकरशाहीतन्त्र, सुरक्षा संयन्त्र र समाजमा के भइरहेको छ भन्ने कुरा बताउनै छाडेका थिए । ओली र उनका आसपासेहरू सर्वत्र रामराज्य कायम भएको नाङ्गो बादशाहका अनुचरका रूपमा खुम्चिँदै थिए । तिनैले गर्दा देशले पनि मूल्य चुकाउनुपरेको छ ।

(कान्तिपुरबाट)




